# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल

प. स. ०७८/०७९
च. न. ६४

मिति : २०७८/०४/१२

## विषय : सार्वजनिक सूचना सम्बन्धमा।

प्रस्तुत विषयमा यस गा.पा क्षेत्रभित्र रहेका राजनैतिक दलहरुको मिति २०७८/४/१२ को सर्वदलिय वैठक निर्णय र कार्यपालिकाको २०७८/४/१२ को वैठक निर्णयबाट यस गा.पा क्षेत्रभित्र बढ्दै गएको कोभिड-१९ को संक्रमणलाई कम गर्न देहाय अनुसार गर्ने निर्णय भएको हुँदा सम्बन्धित सबैले प्रभावकारी रुपमा कार्यन्वयन गर्नु गराउनु हुन अनुरोध गरिन्छ।

क. कमल गा.पा क्षेत्रभित्र मिति २०७८/४/१३ गते राती १२ बजेदेखि २०७८/४/२० गते राति १२ बजे सम्म पूर्णरुपमा लकडाउन गर्ने।

ख. औषधी पसल बाहेक सवै प्रकारका व्यापार, व्यवसाय, होटल, रेष्टुरेन्ट, उद्योग, कलकारखाना बन्द रहने।

ग. दुग्धजन्य सवारी साधन र दुध डेरी व्यवसाय बिहान १० बजे सम्म र बेलुकी ४ बजेदेखि ६ बजे सम्म मात्र सञ्चालन रहने।

घ. स्थानीय क्षेत्रभित्रबाट सागसब्जी, तरकारी, होमडेलिभरी गर्न पाइने तर कमल गा.पा. क्षेत्रबाहिरबाट गा.पा क्षेत्रभित्र डेलिभरी गर्न नपाइने।

ङ. कक्षा ११ को पूर्व प्रकाशित कार्यतालिका अनुसार नै परीक्षा सञ्चालन हुने तर होम-ट्यूसन र भौतिक उपस्थितिमा हुने सबै प्रकारका सिकाइ क्रियाकलाप बन्द रहने, वैकल्पीक विधिबाट सञ्चालन हुने शिक्षण सिकाइ क्रियाकलापलाई असर नगर्ने।

च. बैंक तथा वित्तिय संस्था, सहकारी, सरकारी कार्यालय, विद्यालयहरुबाट प्रवाह हुने अत्यावश्यक सेवा बाहेक सबै प्रकारका सेवा बन्द रहने तर विद्यालय तथा अन्य कार्यालयहरुको आन्तरीक प्रशासन सुचारु रहने।

छ. अत्यावश्यक बाहेक सबै प्रकारका यातायातका साधनहरु सञ्चालन गर्न पूर्णरुपमा निषेध गर्ने।

४/१२

मेनुका काफ्ले
अध्यक्ष
कमल गाउँपालिका



Email: info@kamalmun.gov.np Website: kamalmun.gov.np फोन नं. ०२३-४७५०९९, ०२३-४७५०८१